का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ११४
❐ १ असार २०७७, सोमबार
❐ 15 June 2020, Monday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/–

मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

अपडेट: आइतबार साँझसम्म

नेपालमा	संक्रमित	निको भएको	परीक्षण गरिएको	आइसोलेसनमा	मृत्यु
	५७६० जना	९७४ जना	१३३३७७	४७६७	१९ जना

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

विश्वभर	संक्रमित	निको भएको	मृत्यु भएको	उपचारत
	७९ लाख १५ हजार	४० लाख ६६ हजार	४ लाख ३३ हजार	३४ लाख १५ हजार

स्रोत : वर्ल्डोमिटर डटकम

प्रधानमन्त्रीको उम्कने प्रयास !



काठमाडौं/मस- आइतबार दिउँसो चार बजे सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सचिवालय बैठक बोलाइएको थियो । तर, कतिपय सचिवालय नेताहरु बालुवाटार पुगिसकेपछि बैठक स्थगित भएको जानकारी गराइयो । प्रधानमन्त्री ओलीको स्वास्थ्य समस्या देखिएको भन्दै सचिवालय बैठक स्थगित गरिएको छ ।

गएको बुधबार पनि सचिवालय बैठक बोलाइएको थियो । बुधबार चार बजे नै बोलाइएको सचिवालय बैठक संविधान संशोधन संसदमा पेश हुने कार्यसूची रहेको भन्दै स्थगित गरिएको थियो । त्यसअगाडि जेठ १६ गते भने सचिवालयको आकस्मिक बैठक बसेको थियो । विवादित अमेरिकन परियोजना मिलिनियम च्यालेन्च कर्पोरेसन (एमसीसी) बजेटमा पारिए पछि आकस्मिक सचिवालय बैठक बसेको थियो ।

बैठकले अर्को बैठकमा थप छलफल गर्ने, तर संसदले निर्णय नगरेसम्म एमसीसी अन्तर्गतका सबै कार्यक्रम स्थगित गर्ने निर्णय गरेको थियो । त्यसपछि अर्को सचिवालय बस्न सकेको छैन । नेकपामा एमसीसी पारित गराउन नहुने पक्षमा बहुमत सदस्य छन् । गएको पुसमा सम्पन्न केन्द्रीय कमिटी बैठकले यसबारे अध्ययन गर्न झलनाथ खनाल संयोजक रहेको अध्ययन कार्यदल गठन गरेको थियो ।

उक्त कार्यदलले प्रतिवेदन पनि पार्टीलाई बुझाएको छ । खनालसँग सदस्य भीम रावलको सहमति रहेपनि अर्का सदस्य एवम् प्रधानमन्त्री ओली निकट प्रदीप ज्ञवालीले भने फरक मत दर्ता गराएका छन् । कार्यदलले पनि संशोधन नगरी एमसीसी पारित नगराउने प्रतिवेदन बुझाएपछि भने प्रधानमन्त्री ओली प्रष्ट अल्पमतमा परेका छन् । त्यही भएर प्रधानमन्त्री ओलीले एमसीसी छलफल गरिने बैठक टार्दै आएका छन् ।

७३ जिल्लामा फैलियो संक्रमण

■आइतबार थप २४५ संक्रमित, संक्रमित संख्या ५७६० ■थप एक जनाको मृत्यु भएसागै मृतक संख्या १९ पुग्यो

शनिबारको तुलनामा आइतबार झण्डै दोब्बरले संक्रमित थपिएसँगै देशभर संक्रमितको संख्या पाँच हजार ७६० पुगेको छ ।

मध्यान्ह संवददाता
काठमाडौं, ३२ जेठ ।

पछिल्लो २४ घण्टामा थप ४२५ जनामा कोभिड-१९ संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नयाँ संक्रमित भएकामा ३७५ पुरुष र ५० महिला छन् । यो सँगै हालसम्म नेपालमा संक्रमित संख्या पाँच हजार ७६० पुगेको छ ।

यी मध्ये पुरुष पाँच ३२४ र महिला ४३६ छन् । मन्त्रालयका अनुसार, रुकुम पूर्वमा पनि संक्रमण देखिए सँगै देशका ७३ जिल्लामा कोरोना महामारी फैलिएको छ ।

मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमका अनुसार हालसम्म ९७४ जना डिस्चार्ज भएका छन् । आइतबार मात्रै ६ जना डिस्चार्ज भएका छन् । पछिल्लो २४ घण्टामा ६१ जना कोभिडका संक्रमित निको भएर घर फर्किएका छन् ।

ती मध्ये छ महिला र ५५ पुरुष छन् । हालसम्म ९७४ जना डिस्चार्ज भएका छन् । त्यसमा ८७७ पुरुष र ९७ महिला रहेका छन् ।

■थप एकको मृत्यु

कोभिड-१९ संक्रमणले थप एकको मृत्यु भएको मन्त्रालयले जनाएको छ । गुल्मी धुर्कोक गाउँपालिका-४ का ३६ वर्षीय पुरुषको मृत्यु भएको हो । जेठ १२ गते रुपन्देहीमा कोभिड पुष्टि भएको थियो ।

आइसोलेशनमा उपचाररत उनमा क्यान्सर रोगको समस्या थियो । उनी भारतबाट आएका थिए । हालसम्म कोभिड-१९ संक्रमणका कारण मृत्यु हुनेको संख्या १९ पुगेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा पाँच हजार ६८९ जनाको पिसिआर परीक्षण गरिएको छ । हालसम्म पिसिआर परीक्षण गर्नेको संख्या कूल एक लाख ३३ हजार ३७७ पुगेको छ । आरडिटी परीक्षणको संख्या दुई लाख १० हजार ७२१ पुगेको छ । पछिल्लो २४ घण्टामा २० हजार १३९ जनाको आरडिटी परीक्षण गरिएको छ ।

आइतबारसम्म मुलुकभर एक लाख ४३ हजार ६४१ छ । आइसोलेशनमा संक्रमितको संख्या चार हजार ७६७ रहेको छ ।

■मन्त्रालयको अपिल

अहिले बन्दाबन्दी खुल्ला भएसँगै मानिसको आवतजावत बढिरहेको र एक जिल्लाबाट अर्को जिल्लामा जानुपर्ने व्यक्तिले कोभिडको परीक्षण गराएर मात्र जानुपर्ने भन्ने हल्लाप्रति स्वास्थ्य मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

“कुनै पनि व्यक्ति बाहिर गएर आउँदा, यात्रा गर्दा सङ्क्रमण जोखिम हुन्छ नै तर यात्राबाट आउँदैमा परीक्षण गरेर आउनुपर्छ भन्ने मन्त्रालयको स्वास्थ्य निर्देशिकामा बाँकी पृष्ठ २ मा

युवा जागरण समाज खोटाङले गरेको कोरोना नियन्त्रण अभियानमा स्वास्थ्य परीक्षण गराउँदै दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१४ बुइपाका स्थानीय । समाजले विभिन्न ठाउँमा स्वास्थ्य शिविर आयोजना गर्दै आएको छ । *तस्वीरः केदार मगर, रासस*

प्रतिवद्धता

मध्यान्ह दैनिक (वर्ष १८, अंक ७६, २०७७/०१/१८) मा प्रथम पृष्ठमा प्रकाशित ‘५७ हजारको परीक्षण, ५७ संक्रमित’ शीर्षकको समाचारको उपशीर्षकमा “५७ हजार परीक्षण” हुनुपर्नेमा प्रुफ गल्तीले अन्यथा प्रकाशित हुन गएकोप्रति क्षमा याचनासहित यसबारे प्रेस काउन्सिल नेपालले गराएको ध्यानाकर्षणलाई सधन्यवाद आत्मसाथ गर्दै आगामी दिनमा त्यस्ता गल्ती नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

(स.)

पहिरोमा पुरिएर दुई परिवारका नौ जनाको मृत्यु

पर्वतको कुश्मा नगरपालिका-३ मा पहिरोमा पुरिएर शनिबार राति दुई परिवारका नौ जनाको मृत्यु भएको छ । सुरक्षाकर्मी र स्थानीयले पहिरोमा पुरिएका शव आइतबार अवेरसम्म लगाएर निकालेको छ ।

मध्यान्ह संवाददाता
पर्वत, ३२ जेठ ।

पर्वतको कुश्मा नगरपालिका-३ दुर्लुङको काहुलेमा बस्तीभन्दा माथिबाट आएको पहिरोले पुरिएर दुई घर परिवारका नौ जनाको मृत्यु भएको छ । शनिबार राति ७ बजेपछि आएको वर्षा सहितको पहिरोले स्थानीय तुलबहादुर थापाको परिवारका ६ र विकास विकको परिवारका तीन जनालाई पहिरोले पुरेको छ ।

पहिरोले पुरिनेमा ५३ वर्षीय तुलबहादुर थापा, उनकी श्रीमती ५२ वर्षीया मीनकुमारी थापा, नातिनी आठ वर्षीया बिबिसा र नाति १४ वर्षीय सम्राट थापा, तुलबहादुरकी विवाहित छोरी ३४ वर्षीया दीपा थापा र दीपाका छोरा १७ वर्षीय विवेक थापाको मृत्यु भएको छ ।

विकास विककी श्रीमती ३२ वर्षीया कमला विक तथा उनकी छोरी ८ वर्षीया प्रमिशा विक र १३ वर्षीय जेनिस विक पनि पहिरोले पुरिएर ज्यान गएको छ । आइतबार साँझसम्म जेनिश विकको शव भने भेटिएको थिएन

तुलबहादुरका छोरा अम्मर थापा र बुहारी रिमाया थापा भने ज्यान जोगाउन सफल भएका छन् । उनीहरु घरदेखि झण्डै पाँच सय मिटर परको डाँडामा पसल सञ्चालन गर्दै आएका थिए । उनीहरु पसलमै रहेका कारण ज्यान जोगिएको स्थानीय ऋषिराम पौडेलले जानकारी दिए ।

यता कमला विकका श्रीमान् विकास विक भने रोजगारीका लागि साउदीमा रहेका छन् । उनी लकडाउन खुलेलगत्तै स्वदेश फर्किने तयारीमा थिए । तुलबहादुरी छोरी दीपाको घर बागलुङको जैमिनी नगरपालिका-१ पैँयुथन्थाप हो । उनी कुश्माबजारमा छोरा पढाएर बस्दै आए पनि यतिबेला माइतीमा बसेकी थिइन् । उनका श्रीमान् समेत रोजगारीका लागि खाडी मुलुक साउदीमा छन् ।

पहिरो गएलगत्तै कुश्माबाट पुगेको तीनवटै सुरक्षाकर्मी र स्थानीयवासीको सक्रियतामा राति १ बजेसम्म तीन र बिहान पाँचवटा शव निकालिएको हो । जेनिश विकको भने खोजी भइरहेको पर्वतका प्रहरी प्रमुख विश्वराज अधिकारीले बताए ।

पहिरोबाट बस्ती आसपासमा रहेका झण्डै आधा दर्जन घर जोखिममा परेका छन् । उनीहरुलाई सुरक्षित स्थानमा बस्न प्रशासनले आग्रह गरेको छ । उनीहरुको पुर्ख्यौली बसोबास सोही गाउँको ढकालवारीमा थियो । त्यही स्थानमा समेत पहिरो र बाढीको समस्या भएपछि पाँच वर्षअघि मात्र जग्गा किनेर काउलेमा आएका थिए ।

पीडितलाई समवेदना दिनका लागि राष्ट्रियसभाका अध्यक्ष गणेश तिमिल्सिना, प्रतिनिधिसभाका सांसद पदम गिरी, गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री हरिबहादुर चुमान, उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री विकास लम्साल, नेपाली काँग्रेसका केन्द्रीय सदस्य अर्जुनप्रसाद जोशीलगायत गाउँ पुगेका थिए । प्रदेश सरकारले प्रतिव्यक्ति रु ५० हजारका दरले राहत रकम पीडित परिवारलाई हस्तान्तरण गरेको छ भने जिल्ला दैवीप्रकोप उद्धार समितिले पनि पीडित परिवारलाई रु एक लाखका दरले राहत प्रदान गरेको छ ।

राष्ट्रियसभामा संशोधन विधेयक

प्रतिनिधिसभाबाट सर्वसहमतले पारित भएको संविधान संशोधन विधेयक राष्ट्रियसभामा पेश भएको छ । कानून मन्त्रीले पेश गरेको विधेयक राष्ट्रियसभाले पारित गरेसँगै राष्ट्रपतिबाट प्रमाणित हुनेछ ।

मध्यान्ह संवाददाता
काठमाडौं, ३२ जेठ ।

लिम्पियाधुरा सहितको भूगोल समेटेर प्रतिनिधिसभाबाट पारित गरिएको संविधान संशोधन विधेयक राष्ट्रियसभामा सर्वसहमतिले स्वीकृत गरेको छ । कानून, न्याय तथा संसदीय मामिला मन्त्री शिवमाया तुम्बाहाङ्फेले ‘नेपालको संविधान (दोस्रो संशोधन) विधेयक-२०७७ माथि विचार गरियोस्’ भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ ।

उक्त विधेयकमाथिको सैद्धान्तिक छलफल उठेका जिज्ञासामा मन्त्री तुम्बाहाङ्फेले विधेयक प्रतिनिधिसभाबाट पारित भएसँगै ‘नेपालका सबै राजनीतिक दलहरु राष्ट्रियताका सवालमा एक हुन्छन्’ भन्ने पुष्टि भएको उल्लेख गरिन् । मन्त्री तुम्बाहाङ्फेले संविधान संशोधनको विषय नेपालको आन्तरिक विषय भएको र यसमा छिमेकीले टिप्पणी नगर्दा राम्रो हुने बताए ।

“भारतसँग हामी सुमधुर सम्बन्ध राख्न चाहन्छौं”, मन्त्री तुम्बाहाङ्फेले भनिन् । अद्यावधिक नेपालको नक्साअनुसार संविधानको अनुसूची-३ सच्याउने अभिप्रायले ल्याइएको संविधानको दोस्रो संशोधनलाई समर्थन गरिदिन आग्रह गरिन् ।

यस अघि सो प्रस्ताव माथिको छलफलमा नेपाली काँग्रेसका प्रकाश पन्थले नयाँ नक्सा जारी भएपछि अब भूमि फिर्ता ल्याउन पहल गर्न आवश्यक रहेको बताए । नेकपाका सुमनराज प्याकुरेल, नेकपाका मायाप्रसाद शर्मा र गोपीबहादुर सार्की अछामीले अब गुमेको भूमि फिर्ता ल्याउन एकजुट हुन आग्रह गरे ।

नेपाली काँग्रेसका तारादेवी भट्टले सिमानामा बस्ने नेपालीले धेरै दुःख पाएका उल्लेख गर्दै पूर्वदेखि पश्चिमसम्मको मिचिएको भूमि फिर्ता ल्याएर आफ्नो तारबार गर्नुपर्नेमा जोड दिए । नेकपाका भगवती न्यौपानेले सरकारको ऐतिहासिक निर्णयले नेपाली नागरिक राष्ट्रियताको भावनाले ओतप्रोत भएको हुँदा नेपाली भूमि फिर्ता गर्ने राष्ट्रिय एकतालाई बलियो बनाउनुपर्ने धारणा राखे ।

सोही पार्टी नेकपाका जीवन बुढा, रामलखन चमार, दीपा गुरुङ र चक्रप्रसाद स्नेहीले नेपालको सीमारेखा स्पष्ट पारेर नक्सा पास गर्नु ऐतिहासिक काम भएको उल्लेख गर्दै भूमि फिर्ता लिन पनि एकताबद्ध भएर कूटनीतिक पहल गर्नुपर्ने बताए । बाँकी पृष्ठ २ मा

विभाग खुल्दै गर्दा व्यवसायीको ध्यान ‘सय’ तर्फ नै

‘२/३ दिनभित्र सकारात्मक नतिजा आउने’

मध्यान्ह संवाददाता
काठमाडौं, ३२ जेठ



वैदेशिक रोजगार विशेष

सरकारले लकडाउन खुकुलो गर्दै सरकारी कार्यालय दुई सिफ्टमा सञ्चालन गर्ने निर्णय गरेअनुसार राजधानीको बुद्धनगरस्थित वैदेशिक रोजगार विभाग पनि सोमबारबाट सेवा सञ्चालनको तयारीमा छ ।

कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले गत चैत ११ गतेदेखि लागू गरेको लकडाउनको ८५ औं दिन विभाग खुल्न लागेको हो । अन्य सरकारी कार्यालयका सेवाग्राही आफ्नो सरोकार राख्ने सरकारी कार्यालयबाट सेवा प्रवाह हुँदा खुशी देखिएका छन् । तर अधिकांश वैदशिक रोजगार व्यवसायीहरु विभागमा काम कारबाही शुरु हँदापनि उत्साह देखिन सकेको छैन ।

कारण हो, म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्न पछिल्लो दुई आर्थिक वर्षमा प्रत्येक वर्ष कम्तीमा एकसय जना कामदार वैदेशिक रोजगारमा पठाएको प्रमाणित हुने कागजात समावेश गरिनुपर्ने व्यवस्था हटाउन गत चैत्र १६ गते मन्त्रिपरिषद्ले गरेको निर्णय साढे दुई महिना भइसक्दा पनि कार्यान्वयनमा आउन नसक्नु ।

चैत १६ गते मन्त्रिपरिपाद्ले गरेको निर्णय दुई दिनपछि अर्थ मन्त्रालयमार्फत सार्वजनिक भएको थियो । राहत सम्बन्धि प्रशासनिक तथा नियमनकारी क्षेत्रका छुट तथा सहुलियतहरु शीर्षकको (ङ) मा वैदेशिक रोजगारमा एक सय जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरुको खारेजी हुने हालको व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रक्रिया अघि बढाउने उल्लेख छ । तर विभागले ईजाजतपत्रवाला संस्थाहरुलाई नवीकरणका लागि सूचना जारी गरिसक्दा पनि त्यसलाई कार्यान्वयनमा ल्याइएको छैन ।

मन्त्रिपरिषद्ले निर्णय गरिसक्दा पनि त्यसलाई कार्यान्वयनमा लैजान ढिलाई हुनुमा कतिपयले गत जेठ १२ गतेदेखि अवकास पाएका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका तत्कालीन सचिव विनोद केसीले पूर्वाग्रह राखेर ढिलासुस्ती गरेको भन्दै दोष लगाउने गरेका छन् भने कतिपयले सयको संख्या पूरा गरेका केही व्यवसायीहरुले नै अनुचित चलखेल गरेर मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनमा जानाजान परिस्थिति बिगारेको टिप्पणी गरिरहेका छन् । कतिपयले संसद्मा नेपाली काँग्रेसका सांसद् डा. अमरेशकुमार सिंहले दिएको अभिव्यक्ति पनि परिस्थिति बिगार्न कारक भएको बताउने गरेका छन् ।

करिब ८० प्रतिशत वैदेशिक रोजगार व्यवसायीले यही पेशालाई मूल पेशा बनाएका छन् । धेरैका लागि टाउको दुखाईको विषय बनेको संख्या सय हटाउने चर्चा शुरु भएको पनि डेढ वर्ष बित्न थालको छ । यसै एजेण्डाको वरिपरि रहेर व्यवसायीहरुले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको एटटा चुनाव पनि सम्पन्न गरेका छन् । तर निर्वाचित नेतृत्वले आठ महिनाको अवधि बिताउँदै गर्दा अनगिन्ती छलफल र पटक-पटकका ध्यानाकर्षणका बाबजुद संख्या सयको तनाव हट्न सकेको छैन । यद्यपि संघ र व्यवसायीहरुले प्रतिशोधपूर्ण तरीकाले ऐन र नियमावलीमा आएको संख्या सयको अनुचित प्रावधान हटाएरै छोडिने भन्दै व्यवसायीमा रहेको आशाको त्यान्द्रो मर्न दिएका छैनन् । ऐन र नियमावलीको कानूनी व्यवस्था परिवर्तन नभए ८ सय ५४ व्यवसायीमध्ये सवा ५ सय नवीकरणबाट बञ्चित हुने आँकलन रहेको छ । संघले वार्षिक सयजना बाँकी पृष्ठ २ मा

काठमाडौं प्रवेशमा कडाइ

काठमाडौं/मस– कोभिड-१९ संक्रमण जोखिम रोक्न काठमाडौं प्रवेशका लागि आफू बसोबास गर्ने स्थानीय तहको अनुमति अनिवार्य गरिएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंका अनुसार काठमाडौं आउने व्यक्तिले त्यसरी स्थानीय तहको अनुमति लिएर आफू रहेको प्रशासन कार्यालयमा निवेदन दिनुपर्ने छ। उक्त अनुमति प्राप्तसहित निवेदन परेपछि सो विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयले काठमाडौं प्रशासनमा पठाउनु पर्नेछ ।

उक्त निवेदनमाथि काठमाडौं प्रशासनले संक्रमणको जोखिम विष्लेषण र यात्रा औचित्यलाई पुष्टि हुने कागजातको समेत विचार गरी सवारी पास जारी गर्न सहमति प्रदान गरेपछि मात्रै सम्बन्धित कार्यालयले पास उपलब्ध गराउने छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले आइतबार एक सूचना जारी गरी जेठ २८ को मन्त्रिपरिषद्को निर्णय तथा गृह मन्त्रालयको जेठ ३० को निर्देशनबमोजिम उक्त व्यवस्था गरिएको जनाएको छ ।

काठमाडौंबाट बाहिर जानका लागि व्यक्तिगत अत्यावश्यक कार्यका लागि भए प्रयोजन खुल्ने कागजातसहित जिल्ला प्रशासन कार्यालय काठमाडौँमा निवेदन दिनुपर्नेछ। सरकारी तथा संस्थागत कामका लागि भए सम्बन्धित कार्यालयको सिफारिस पत्रसहित निवेदन दिनुपर्ने सूचनामा जनाइएको छ । काठमाडौं जिल्लाभित्र जोर-बिजोर प्रणाली लागू भएकाले सवारी पास भने हाललाई बन्द गरिएको छ ।

हवाइ उडान असार २१ सम्म बन्द

काठमाडौं/मस– सरकारले नेपालबाट हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय हवाइ उडानलाई असार २१ गतेसम्म रोक लगाउने निर्णय गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मन्त्रिपरिषद्ले गरेको निर्णयबाटै हवाइ उडानमा रोक लगाउने समय लम्बिएको जानकारी दिएको हो ।

सरकारले ११ चैतदेखि जारी लकडाउनपछि सबै प्रकारको व्यावसायिक हवाइ उडानमा रोक लगाएको छ । यसअघि १६ असारसम्म लगाएको यस अघिको हवाइ उडानको समयलाई बढाएर २१ असार पुर्‍याइएको हो ।

सरकारले आकस्मिक उडान, उद्दार तथा अनुमति लिएर गरिने चार्टर उडान भने गर्न दिएको छ । यस अघि आधा क्षमतामा यात्रु राखेर आन्तरिक उडान खुला गर्ने प्रस्ताव प्राधिकरणमार्फत सरकारसमक्ष गएपनि सरकारले त्यसलाई स्वीकृति दिएका थिए ।

दुर्घटनामा गाउँपालिका अध्यक्षको मृत्यु

सहबान अन्सारी/मध्यान्ह
नवलपरासी, ३२ जेठ

नवलपरासी पश्चिमको प्रतापपुर गाउँपालिकाका अध्यक्ष राजकुमार शर्माको सवारी दुर्घटनामा मृत्यु भएको छ । दुर्घटनामा गाउँपालिकाका सवारी चालक प्रतापपुर गाउँपालिका ५ का हरिलाल राजभर घाइते भएका छन् । उनी खतरामुक्त रहेको बताइएको छ ।

गाउँपालिकाको लु १ भ ३७० नम्बरको जीप आइतबार विहान अनियन्त्रित भइ बर्दघाट-त्रिवेणी सडकखण्डको लक्ष्मीपुरमा दुर्घटना भएको हो । जीप पूर्व-पश्चिम राजमार्ग अन्तर्गत बर्दघाट नगरपालिका चार स्थित शिवकलोनी पुलबाट तल खसेर दुर्घटना भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका शर्माको उपचारका लागि चिसापानी सामुदायिक अस्पताल चौपत्ता ल्याउँदै गर्दा बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्लास्थित विपद् व्यवस्थापन समितिको बैठकमा सहभागी हुन सदरमुकाम जाने क्रममा जीप दुर्घटनामा परेको हो । ५१ वर्षीय शर्मा स्थानीय निर्वाचनमा नेपाली कांग्रेसबाट गाउँपालिका अध्यक्षमा निर्वाचित भएका थिए ।

मन्त्रीद्वारा दुःख व्यक्त

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीले नवलपरासी (सुस्ता पश्चिम), प्रतापपुर गाउँपालिकाका अध्यक्ष शर्माको असामयिक निधनप्रति दुःख व्यक्त गरेका छन् । मन्त्री त्रिपाठीले आइतबार शोक वक्तव्य जारी गर्दै शर्माको आत्माको शान्तिको कामनासहित श्रद्धाञ्जलि अर्पण गरेका छन् । शोक वक्तव्यमा गाउँपालिकामा शर्माले पुर्‍याएको योगदान र निर्वाह गरेको समन्वयकारी भूमिकाको प्रशंसा गरिएको छ ।

सोमबार ७ वटै स्थानीयतह बन्द

नवलपरासीमा सोमवार जिल्ला समन्वय समितिसहित ७ वटै स्थानीयतह बन्द हुने भएको छ । प्रतापपुर गाउँपालिका अध्यक्ष शर्माको सवारी दुर्घटनामा परी निधन भएको शोकमा एक दिनको लागी सबै स्थानीयतह पूर्णरुपमा बन्द गर्ने निर्णय भएको जिल्ला समन्वय समितिका प्रमुख शिवशंकर प्रसाद रायले बताए ।

रुकुम घटना : ३१ जनाविरुद्ध मुद्दा दर्ता

रुकुम/मस– रुकुमको चौरजहारीस्थित सोतीमा भएको सामूहिक हत्याको घटनामा प्रहरीले ३१ जना विरुद्ध जिल्ला अदालत रुकुममा मुद्दा दर्ता गरेको छ। प्रहरीले मृतक नवराज विककी प्रेमिका भनिएकी युवती, उनका बुबाआमा, वडाध्यक्ष लगायत बिरुद्ध प्रहरीले मुद्दा दर्ता गरेको हो ।

मुद्दा दर्ता गरिएका मध्ये दुई जना बालबालिका छन् भने एक जनालाई मतियारको रुपमा राखिएको छ । बाँकी एकतीस जना विरुद्ध ज्यान मार्ने उद्योग, कर्तब्य ज्यान र जातीय विभेद तथा छुवाछुत कसुरमा मुद्दा दर्ता गरेको छ ।

प्रहरीले घटनामा संलग्नलाई आजीवन कारावास सजायको माग गरेको छ। मुद्दा दर्ता गरिएकामध्ये ५ जना फरार रहेका छन्। बाँकी सबै प्रहरीको हिरासतमा रहेका छन् । गत जेठ १० गते रुकुमपश्चिम चौरजहारी नगरपालिका ८ सोतीका स्थानीयहरुको आक्रमणमा परेर छ जनाको मृत्यु भएको थियो भने बाह्र जना घाइते भएका थिए । घटनामा परी भेरी नगरपालिका ११ का गोविन्द शाही, जाजरकोटको भेरी नगरपालिका चार रानागाउँका नवराज विक, चौरजहारी नगरपालिका १ का टीकाराम सुनार, भेरी नगरपालिका ४ का गणेश बुढा, लोकेन्द्र सुनार र सञ्जीव विकको शव भेरी नदीमा भेटिएको थियो ।

घटना जेठ १० गतेको भए पनि जेठ १३ गते मात्र पीडितले २० जनाविरुद्ध किटानी जाहेरी दिएका थिए । त्यस लगत्तै प्रहरीले वडाध्यक्षसहित १२ जनालाई हिरासतमा लिएको थियो। अहिलेसम्म यो घटनामा संलग्न भएको आरोपमा २८ जना पक्राउ परेका छन् ।

‘कोरोनाले वातावरण संरक्षण गर्न सिकायो’

मानवीय स्वास्थ्य र
वातावरणको अन्तर सम्बन्ध
बिषयक कार्यक्रम
संचार केन्द्र, नेपाल

काठमाडौं/मस- विश्वव्यापिरुपमा फैलिएको कोरोना महामारीले वातावरण संरक्षण गर्न सिकाएको सरोकारावालाले बताएका छन् । तराई विकास तथा संचार केन्द्र, नेपालको आयोजना तथा काठमाडौ महानगरपालिकाको सहकार्यमा आइतबार भएको ‘मानवीय स्वास्थ्य र वातावरण अन्तरसम्बन्ध’ विषयक कार्यक्रममा उनीहरुले वातावरण संरक्षण मानिस स्वयंले गर्नुपर्ने बताएका हुन् ।

काठमाडौ महानगरपालिकाका प्रमुख प्रसाशकीय अधिकृत एकनारायण अर्यालले कोरोना भाइरसजस्तो महामारीले प्रकृतिसंग मानिस कसरी वस्नु पर्दछ भन्ने पाठ सिकाएको बताए। अहिले बन्दाबन्दी (लकडाउन)ले गर्दा देशभरिको नै वातावरण स्वच्छ रहेको भन्दै अर्यालले अहिलेकोजस्तै वातावरण बनाउन सबैले फोहोर व्यवस्थापन गर्नुपर्ने उल्लेख गरे ।

‘मानिसले पहिले भूकम्पको कारण वातावरण संरक्षणमा जोड दिएका थिए, खुला ठाउँ छोड्ने, अग्ला घर नबनाउनेजस्ता कुरामा केही समय ध्यान दिएका थिए,’ उनले भने, ‘तर केही बर्षमा त्यसलाई बिर्सेका थिए । अहिले फेरि कोरोनाले मानिसलाई वातावरण संरक्षण गर्नुपर्दछ भन्ने सिकाएको छ ।’ लकडाउनले गर्दा वोटविरुवाले राम्रोसंग श्वास फेरेर देश नै सुन्दर बनाएर मुलुकलाई चिनाएको भन्दै अर्यालले नेपाल गौतमवुद्ध र पशुपतिको देश भएर यहाँका जनतालाई केही नभएको र नेपालीमा इम्युनिटी पावर बढी रहेकोले नै महामारीको भयाभव स्थिति नभएको स्पष्ट पारे ।

उनले काठमाडौ महानगरले वातावरण संरक्षण गर्नुपर्दछ भनेर एक घर दुई वोटविरुवा रोप्ने अभियान संचालन गरेको पनि जानकारी दिए । कार्यक्रममा काठमाडौका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले लकडाउनलेमात्र समस्या समाधान नहुने भन्दै लकडाउनको स्वरुप परिवर्तन गरिएको बताए। असार १ देखि जनजिवनलाई सहज बनाउन लकडाउनको स्वरुप परिवर्तन गर्न थालिएको उल्लेख गर्दै सरसफाई राख्न सकेमात्र कोरोना भाइरसबाट बच्न सकिने र कुहिने र नकुहिने फोहोरलाई अलग अलग व्यवस्थापन गर्नसकिने बताए ।

कार्यक्रममा महानगरका वातावरण विभाग प्रमुख हरिकुमार श्रेष्ठले काठमाडौ उपत्यकामा दैनिक एक हजार १४३ मेटिक टन फोहोर उत्सर्जन हुने भएकोले त्यसलाई व्यवस्थापन गर्न स्थानीयवासीको अग्रसरता हुनुपर्नमा जोड दिए । उपत्यकाको फोहर व्यवस्थापन नुवाकोटको बन्चरेडाँडामा भइरहेकोले अव त्यहाँ व्यवस्थापन गर्न समस्या हुने उल्लेख गर्दै उनले फोहर व्यवस्थापन गर्ने काम घरबाट नै हुनुपर्ने र एउटा घरबाट दैनिक ३०० ग्राम निस्कने फोहरलाई कौसी खेती, करेसावारीमा खेतीमा प्रयोग गर्नु पर्ने बताए । उनले काठमाडौमा मात्र दैनिक एक हजार राँगाको बध गर्ने भएकोले त्यस्तो वधको अन्त्य गर्न महानगर लागिरहेको जानकारी दिए ।

कार्यक्रममा ओम समाज डेन्टल अस्पतालका प्रमुख डा सुवास घिमिरेले दाँत र मुख सफा भए ९० प्रतिशत रोग नलाग्ने जानकारी दिए। कोरोना भाइरसबाट बच्न पनि नियमित दाँतको सरसफाईमा ध्यान दिनुपर्ने बताउँदै डा. घिमिरेले आफ्नो अस्पतालले स्थलगत रिर्पोटिग गर्ने पत्रकार, बालबालिका र ज्येष्ठ नागरिकलाई निःशुल्क दन्तसेवा प्रदान गरिरहेको जानकारी दिए ।

वातावरण पत्रकार समूहका पूर्व अध्यक्ष तथा नेपाल पत्रकार महासंघका सल्लाहाकार तीर्थ कोइरालाले उपत्यकामा सहरीकरण समस्या समाधान गर्नुपर्ने बताए । उनले पत्रकारले नेताका भाषणमात्र नलेखेर वातावरणले पार्ने प्रभावका बारे लेख्नुपर्नेमा जोड दिए ।महासंघका केन्द्रीय सदस्य तथा सञ्चार केन्द्रका अध्यक्ष गोविन्द चौलागाईले लकडाउनका कारण धुँलो धुँवा नभएकोले सुन्दर वातावरण देख्न सकिएको भन्दै सवै मिलेर वातावरण संरक्षण गर्नुपर्ने बताए ।

सोही अवसरमा प्रमुख अतिथि अर्यालले ओम समाज डेन्टलका प्रमुख डा. घिमिरेलाई लकडाउन अवधिभरि संचारकर्मीलाई निःशुल्क सेवा प्रदान गरेवापत सञ्चारकेन्द्रको तर्फबाट सम्मान गरे । लकडाउन अवधिभरि १५० भन्दा बढी संचारकर्मीको दाँत परीक्षण गरिएको डेन्टलका प्रमुख डा. घिमिरेले जानकारी गराएका थिए। कार्यक्रममा उच्च अदालत पाटनका न्यायधिश मोहम्मद साविर हुसेनकोसमेत सहभागिता रहेको थियो ।

प्यूठानमा कोरोना संक्रमित ३३ पुगे

रविन विश्वकर्मा/मध्यान्ह
प्यूठान, ३२ जेठ

प्यूठानमा थप ९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा गरिएको पीसीआर परीक्षणका क्रममा आइतबार थप ९ जनामा कोरोना पुष्टि भएको हो । संक्रमितमध्ये दाङका एक जना रहेका छन् ।

संक्रमित हुनेमा माण्डवी गाउँपालिका वडा नं. १ सिमलचौर स्थित लोकभक्त क्वारेनटीनमा बसेका ७ जना र स्वर्गद्वारी नगरपालिकाको छुट्टाछुट्टै क्वारेनटीनमा बसेका २ जना छन्। कोरोना पुष्टि हुनेमा माण्डवी गाउंपालिका वडा नम्बर ४ उदयंपुरकोटका ५ जना, स्वर्गद्वारी नगरपालिका वडा नं. ४ बाँफिपुरका र वडा नं. ८ बर्जिबाङका १/१ जना, प्यूठान नगरपालिका वडा नं. ४ खर्कडेडाका १ र दाङको गढवा गाउँपालिका वडा नं. ६ का १ जना रहेका छन् ।

प्यूठान नगरपालिका, माण्डवी गाउँपालिका र गढवा गाउँपालिकाका संक्रमित माण्डवी गाउँपालिका वडा नं. १ सिमलचौर स्थित लोकभक्त क्वारेन्टिनमा बस्दै आएका थिए भने स्वर्गद्वारी वडा नम्बर ४ का संक्रमित अमर क्याम्पस भिंगृ र वडा नं. ८ का संक्रमित जनता माविको क्वारेन्टिनमा बसेका थिए । आइतबार भेटिएका उनीहरु सबै भारतबाट आएर क्वारेन्टिनमा बस्दै आएका थिए ।

संक्रमितहरु १९, २७, ३० वर्षका १/१ जना र १८, २५ र २६ वर्षका २/२ जना रहेका छन् । योसँगै प्यूठानमा संक्रमितको संख्या ३३ पुगेको छ। जिल्लामा भारतबाट आएकाहरुमा मात्र कोरोना देखिएको छ। यसअघि सरुमारानी, ऐरावती र माण्डवी गाउँपालिका तथा प्यूठान र स्वर्गद्वारी नगरपालिकामा गरी २४ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो ।

जिल्लामा सबैभन्दा बढी संक्रमित माण्डवी गाउँपालिकामा भेटिएका छन् । अहिले उक्त गाउँपालिकामा अन्य जिल्लाकासहित कोरोना संक्रमितको संख्या १७ पुगेको छ । संक्रमितको स्वास्थ्य अवस्था सामान्य रहेको माण्डवी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ध्रुव पोखेलले बताए । साथै अन्य जिल्ला तथा नगरपालिकाका संक्रमितहरुलाई सम्बन्धित ठाउँमा पुर्‍याई बाँकी संक्रमितहरुलाई गाउँपालिकाको आइशोलेसनमा राखि उपचार गर्न थालिएको पोखेलको भनाइ छ ।

एक लाख बढीको अवैध मदिरा बरामद

रबिन्द्र यादव/मध्यान्ह
नवलपरासी पश्चिम, ३२ जेठ

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुस्ता गाउँपालिका ५ बाट १ लाख बढीको अवैध मदिरा प्रहरीले नियन्त्रणमा लिएको छ । सुस्ता ५ सकरदिनहीस्थित नारायणी नदी किनारबाट १ लाख २४ हजार ८ सय मूल्य बराबरको अवैध मदिरा १ सय ३० वटा कार्टुनमा लुकाएको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

गोप्य सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय बेलाटारी र प्रहरी चौकी रामनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले उक्त फायर नामक मदिरा नियन्त्रणमा लिएको हो । डुंगामा मदिरा लोड गरि भारततर्फ लैजान लागेको खबर पाएपछि प्रहरी नदी किनारमा पुग्दा उक्त परीमाणको मदिरा बेवारिसे अवस्थामा फेला परेको बताइएको छ। उक्त बरामद मदिरा आवश्यक कारबाहीको लागी महेशपुर भन्सार कार्यालय पठाइएको प्रहरी कार्यालय नवलपरासी पश्चिमका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक राजु लामाले बताए ।

७३ जिल्लामा...

नभएकाले यस किसिमका कोही कसैको परीक्षण नगर्न/नगराउन सम्बन्धित स्वास्थ्यकर्मी स्वास्थ्य संस्था र प्रयोगशालामा अनुरोध छ'', मन्त्रालयका प्रवक्ता डा गौतमले भने ।

मन्त्रालयले ‘सम्बन्धित स्थानीय निकाय, घरबेटीलाई कोभिडको परीक्षण गर्ने सरकारको मापदण्ड छ’ जसलाई जहिले पनि परीक्षण गर्दा स्रोतसाधनको दुरुपयोग हुने भएकाले अत्यावश्यक कामबाहेक बाहिर नजान पनि अपिल गरेको छ । जानै परेमा पनि स्वास्थ्य मापदण्ड अपनाउन आग्रह गरेको छ। यस्तै बाहिरबाट आउने व्यक्तिले आफैं होम क्वारेन्टिनमा बस्नु उपयुक्त हुने र आफूलाई गाह्रो भएमा मात्र स्वास्थ्यकर्मीसँग सम्पर्क गर्न अनुरोध गरेको छ ।

स्वास्थ्य मन्त्रालयको स्वीकृति लिएका पिसिआर परीक्षणका नमूना आगामी दिनमा आवश्यक प्रक्रिया पूरा गरी निजी प्रयोगशालालाई पनि परीक्षण गर्न दिने व्यवस्था गरिएको जनाएको छ । यसका लागि लाग्ने शुल्क स्वास्थ्य मन्त्रालयले व्यवस्था गरेको छ। विदेश जानुपर्ने प्रवेषाज्ञा वा निरोगिताका लागि सङ्कलन गर्नुपर्ने नमूना वीर अस्पताल र पाटन अस्पतालमा गर्ने व्यवस्था गरिएको पनि मन्त्रालयले जनाएको छ ।

राष्ट्रियसभामा...

नेकपाका खीमकुमार विक र मेहशकुमार महराले सीमारक्षा गर्ने विषयमा राष्ट्रिय एकता भएको हुँदा नेपालको भूभाग भन्ने नेपालसँग स्पष्ट प्रमाण भएको हुनाले फिर्ता ल्याएर चलनभोग गर्नुपर्ने धारणा राखे । नेपाली काँग्रेसका रमेशजङ्ग रायमाझीले नेपालको भूभाग फिर्ता ल्याउने विषयमा पूर्णरूपमा समर्थन रहेको र कूटनीतिक वार्तामार्फत प्रमाणका आधारमा नेपालको भूमि भएको पुष्टि गर्नुपर्ने बेला आएको बताए । प्रतिनिधिसभाबाट पारित यो विधेयक राष्ट्रियसभाबाट पारित भएपछि राष्ट्रपतिबाट प्रमाणित हुनेछ ।

तीन विधेयक पारित

प्रतिनिधिसभाको बैठकले आर्थिक विधेयक-२०७७, राष्ट्र ऋण उठाउने विधेयक-२०७७ र ऋण तथा जमानत (चौबीसौं सशोधन) विधेयक बहुमतले पारित गरेको छ। सभामुख अग्निप्रसाद सापकोटाले बैठकमा सदन समक्ष ती विधेयक निर्णयार्थ प्रस्तुत गरेका थिए ।

यसअघि अर्थमन्त्री डा. युवराज खतिवडाले ती विधेयक पारित गरियोस् भनी अलग अलग प्रस्ताव प्रस्तुत गरेका थिए । ऋण तथा जमानत (चौबीसौं सशोधन) विधेयकमाथि सांसद प्रेम सुवाल र डा मीनेन्द्र रिजालले राख्नुभएको सशोधन प्रस्ताव सभाको बहुमतबाट अस्वीकृत भएको थियो ।

आर्थिक विधेयकमाथि सांसदद्वय सुवाल र दिव्यराज भण्डारीले सशोधन प्रस्ताव पेश गर्नुभएको थियो भने राष्ट्र ऋण उठाउने विधेयक-२०७७ का सम्बन्धमा डा. रिजाल र सुवालले संशोधन राखेका थिए । विद्युतीय सवारी साधन आयातमा लगाइएको भन्सार शुल्क हटाउन सरकारसँग माग गर्दै उनीहरुले पेट्रोल र डिजेलमा अतिरिक्त कर किन लगाइएकोबारे प्रश्न गरेका थिए । उनले भने, “आयकरको दर आर्थिक सिद्धान्त र प्रणालीका आधारमा तय गरिएको छ, राजश्वको स्थिति कठिन नै छ, राजश्वले दैनिक खर्च धान्ने अवस्थामा छैन । हामी सबै मिलेर अघि जाने अभ्यास संसद्बाटै भइरहेको छ, त्यो गरौं, मुलुक लोकतान्त्रिक मूल्यमान्यताबाट चल्छ ।”

विभाग...

कामदार पठाउन नसकेका सदस्य संस्थाहरुलाई तत्काल नआत्तिई केहि दिन धैर्य धारण गरी यस सम्वन्धमा संघको अर्को सूचना पर्खन आग्रह गर्दै विज्ञप्ति जारी गरेको छ। संघका अध्यक्ष विष्णुप्रसाद गैरेले विज्ञप्ति जारी गर्दै गत चैत १६ गते बसेको मन्त्रीपरिषद् वैठकले संख्या सयको प्रावधान हटाउन ऐन संशोधनको प्रक्रिया अघि वढाउने निर्णय गरेको र श्रम मन्त्रालयले यस सम्बन्धमा एउटा कार्यदल गठन गरी काम गरिरहेको भन्दै केही समयमा मन्त्रिपरिषद्को निर्णय अनुसार नै संख्या सयको प्रावधान हट्ने उल्लेख गरेका छन् ।

यस्तै विश्वास छ, प्रगतीशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त बैठकले गठन गरेको ‘सख्या सय समस्या समाधान समिति’का संयोजक हरिबहादुर पाण्डे क्षेत्रीको। सख्या सयको समस्या समाधान गर्न लकडाउन शुरु हुनुभन्दा अघि गत चैत्र ५ गते मञ्चका पूर्व अध्यक्ष क्षेत्रीको संयोजकत्वमा ११ व्यवसायीको समिति गठन भएको थियो ।

समितिले वैदेशिक रोजगार व्यवसायीको इजाजतपत्र नवीकरण गर्नका लागि वैदेशिक रोजगार ऐन २०६४ र वैदेशिक रोजगार नियमावलीमा रहेको कानूनी व्यवस्थाको अन्योलवारे निकास निकाल्न जिम्मेवारी पाएको थियो। व्यवसायी पाण्डे क्षेत्रीले आप्नो नेतृत्वको समितिले गरेको प्रयासले व्यवसायी निराश हुनु नपर्ने अवस्थाको सिर्जना गरेको मध्यान्ह राष्ट्रिय दैनिकलाई बताए ।

उनले भने, ‘मेरो नेतृत्वको समितिले परिस्थितिलाई निर्णायक मोडमा पुराएको छ । एक दुई दिनभित्र पत्रकार सम्मेलन गरी समस्या समाधानका लागि भएको उपलब्धि सार्वजनिक गर्ने तयारी छ । व्यवसायीले चुनेर पठाएको संघको नेतृत्वले परिणाम ल्याउन नसकेपनि हामीले व्यवसायीले खोजेको निकास निकाल्न सफल भएका छौं ।’

पाण्डेको संयोजकत्वको समितिमा व्यवसायीहरू गोविन्द कटुवाल, राजेन्द्र भण्डारी, जे.बी शाही, हेमन्तजीसी, भीष्मराज शर्मा सिवाकोटी, कुन्छा जोर्जे लामा, आरसी गिरी, हरिबहादुर थापा र श्याम खरेल सदस्य तथा हरिश कुँवर सदस्य सचिव छन् ।

शुरुमा धुम्बाराहीस्थित स्काई जोन ब्यांक्वेटमा वैदेशिक रोजगार क्षेत्रमा छुट्टै पहिचान बनाएका र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पटकपटक सल्लाहकार रहेका बाहेकका कानून व्यवसायीसंग छलफल गरेको समितिले केहीदिन यता सत्तारुढ दलका वरिष्ठ नेता तथा केही पूर्व प्रधानमन्त्रीहरुसंग भेटघाट गरी समस्या समाधान गरिदिन आग्रह गरेको समितिका एक सदस्यले जानकारी दिए ।

हार्दिक श्रद्धाञ्जली

जन्म
बि.सं. २०१२
जेठ २० गते

स्वर्गारोहण
वि.स. २०७७
जेठ २२ गते

स्व. बाबुराम शर्मा नेपाल

हाम्रा शुभेच्छुक तथा काठमाण्डौ इन्टरनेशनल इन्कर्पोरेट प्रा. लि.का प्रबन्ध निर्देशक श्री सुर्य नेपालका पुजनीय पिता बाबुराम शर्मा नेपालको ६५ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह
Madhyanha Daily
दैनिक
परिवार

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

सडक डिभिजन, पाल्पा

सूचना

सूचना प्रकाशन मिति : २०७७/०३/०१

मिति २०७७/०२/०२ को “अन्नपुर्ण पोष्ट दैनिक” पत्रिकामा प्रकाशित यस कार्यालयको बोलपत्र आह्वानको सूचना नं.011-RDPLP-2076/77 मा उल्लेखित म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु तपसिल बमोजिम रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५४ (क) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम/ठेगाना	कबोल अंक रू. (मु.अ.कर र पि.एस. बाहेक)
१	DROPLP/337011 384/076-077/054	Structural Works and cutting on Rudrabeni - Wamitaksar Road, Ullikhola section, Gulmi.	Resunga Darshan Construction And Suppliers Pvt.Ltd	87,61,061.11

डिभिजन प्रमुख

एन्फाविरुद्ध अख्तियार र लेखा समितिमा उजुरी

फाइल फोटो

मध्यान्ह संवाददाता
काठमाडौं, ३२ जेठ

अखिल नेपाल फुटबल संघ एन्फाको विषय फेरि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सार्वजनिक लेखा समितिमा पुगेको छ। वर्तमान नेतृत्वसँग असन्तुष्ट रहेका चार जिल्लाका अध्यक्षहरुले आइतबार अख्तियार र संसदको सार्वजनिक लेखा समितिमा उजुरी दिएका हुन्। एन्फामा एन्फा मा भ्रष्टाचार र अनियमिताबारे युवा तथा खेलकुद मन्त्रालयले गठन गरेको छानबिन कमिटिले पूर्वाग्रह र त्रुटिपूर्ण प्रतिवेदन तयार गर्दै दोषीलाई जोगाउने कार्य भएको भन्दै चार जिल्ला फुटबल संघले एकै पटक दुई ठाउँमा उजुरी दिएको बताएका छन्।

काठमाडौं, ललितपुर, भक्तपुर र धादिङ जिल्ला फुटबल संघले आइतबार प्रेस विज्ञप्ति निकाल्दै छानबिन कमिटिको प्रतिवेदन उपर थप छानबिन गर्न माग गर्दै अख्तियार र लेखा समितिमा पुन उजुरी दर्ता गरिएका हुन्।

एन्फामा आर्थिक अनियमिता भएको आरोप लगाउँदै चार जिल्ला संघले २०७५ पुस २२ गते अख्तियारमा उजुरी गरेका थिए।

तयसपछि अख्तियारको निर्देशनमा युवा तथा खेलकुदमन्त्रालयका सहसचिब अणप्रसाद न्यौपानेको संयोजकत्वमा छानबिन गठन गरिएको थियो। चार जिल्ला संघले प्रतिवेदनको आधारमा निर्णय कार्यन्वयन गराउन अख्तियारले २०७६ साउन २८ गते दिएको निर्देशन एन्फाले पालना नगरेको समेत जनाएको छ।

एन्फामा भएको आर्थिक अनियमिता र अवैधानिक कार्यको विरोध गर्दा अवैधानिक तरिकाले जिल्ला संघमाथि नै एन्फाले षड्यन्त्र पूर्वक तरिकाले प्रहार गरिरहेको जनाएको छ।

त्यस्तै चार जिल्ला संघले राष्ट्रिय खेलकुद परिषद (राखेप) ले समेत एन्फाको अवैधानिक कार्यमा प्रोत्साहन गरिरहेको आरोप लगाएको छ। संघले अवैधानिक कार्य रोक्नका लागि राखेपसँग माग समेत गरेको छ।

यसअघि समेत चार जिल्ला फुटबल संघले एन्फाभित्र आर्थिक अनियमितता र भ्रष्टाचार भएको आरोप लगाउँदै अख्यिारमा उजुरी गरेका थिए। उनीहरुले १४ बुँदे आरोप लगाउँदै एन्फाभित्र भएको आर्थिक अनियमितता छानविन गर्न माग गरेका थिए। अख्तियारले मन्त्रालयको नेतृत्वमा छानविन समिति गठन गरेर आरोपको अनुसन्धान गरेको थियो। तर आरोप प्रमाणित हुने आधार नभेटिएको भन्दै अख्तियारले एन्फालाई क्लिन चिट दिएको थियो।

एन्फाको आपतकालिन बैठक आज

काठमाडौं, मस- अखिल नेपाल फुटबल संघ (एन्फा)ले आपतकालिन बैठक सोमबार बस्ददै छ। कार्यसमिति बैठक सम्पन्न भएको दुई साता पनि नबित्दै एन्फाले आपतकालिन बैठक आह्वान गरेको हो। बैठक ललितपुरस्थित एन्फा कम्प्लेक्स सातदोबाटोमा दिउँसो १ बजे बस्नेछ।

एन्फा महासचिव इन्द्रमान तुलाधरका अनुसार बैठकका लागि ४ एजेण्डा तय गरिएका छन्।

पहिलो एजेण्डा एन्फाको मानार्थ अध्यक्षको बिषयमा रहेको छ। यस्तै, दोस्रो कोरोना राहतको बिषय, तेस्रो भक्तपुर जिल्ला फुटबल संघको बिषय र चौथो एजेण्डा विविध अन्तर्गत रहेको महासचिव तुलाधरले बताए।

एन्फाले मानार्थ अध्यक्षमा टासी घलेलाई पुनः नियुक्त गर्ने तयारी गरेको छ। आन्तरिक विवाद बढ्दै गएपछि वर्तमान कार्यसमितिले घलेको मानार्थ पद खारेज गरिदिएको थियो।

यस्तै, बैठकले भक्तपुर जिल्ला फुटबल संघको बिषयमा समेत आवश्यक निर्णय गर्ने तयारी गरेको छ। वर्तमान नेतृत्वबिरुद्धका कृयाकलापमा संलग्न भएको आरोपमा एन्फाले भक्तपुर जिल्ला फुटबल संघलाई स्पष्टिकरण समेत सोधेको थियो। त्यही आधारमा बैठकले भक्तपुर जिल्ला फुटबल संघमाथि कारबाही गर्ने सम्बन्धमा औपचारिक निर्णय सम्भावना रहेको छ। एन्फाको सचिवालय बैठकले यसअघि ललितपुर जिल्ला फुटबल संघका अध्यक्ष पुरुषोत्तम थापालाई स्पष्टिकरण सोध्दै निलम्बनको निर्णय गरेको थियो। दुई हप्ता अघि बसेको एन्फा कार्यसमिति बैठकले थापामाथि गरिएको कारबाहीको निर्णयलाई औपचारिक अनुमोदन गरेको थियो।

यस्तै, एन्फाले कोरोनाबाट प्रभावित बनेका आफुसंग आबद्ध सबै जिल्ला फुटबल संघ, क्लब र संघलाई समान ७५ हजार रुपैयाँका दरले राहत वितरण गर्ने तयारी गरेको छ। सोमबारको बैठकले सो सम्बन्धमा औपचारिक निर्णय गर्ने बताइएको छ। एन्फा विधानले तत्काल सुल्झाउनुपर्ने विवादहरुको निरुपणका लागि ५ सदस्यीय आपतकालिन समितिको व्यवस्था गरेको छ।

एन्फाले गठन गरेको आपतकालिन समितिमा एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पा, वरिष्ठ उपाध्यक्ष पंकज बिक्रम नेम्वाङ्ग, उपाध्यक्षत्रय कृष्ण थापा, विरबहादुर खड्का र उपेन्द्रमान सिंह रहेका छन्। बैठकले गरेका निर्णय तत्काल कार्यसमिति सदस्यलाई जानकारी गराउनुपर्ने र निर्णय कार्यसमिति बैठकबाट पास गराउनुपर्ने प्रावधान रहेको छ।

कार्यसमिति बैठकबाट निर्णय पास नभएको अवस्थामा आपतकालिन बैठकका निर्णय निष्प्रभावी बन्नेछन्।

बैठकका लागि चार जना सदस्यको अनिवार्य उपस्थिति हुनुपर्नेछ। र मत विभाजनमा बराबरीको अवस्था आएमा अध्यक्षले अन्तिममा मताधिकारको प्रयोग गर्न सक्नेछन्।

ढाका–ग्वान्झाउ उडान स्थगित

बेइजिङ, एजेन्सी–चिनियाँ नागरिक उड्डयन नियामक निकायले चाइना साउदर्न एयरलाइन्सको ढाका-ग्वान्झाउ उडान स्थगित गरेको छ।

गत जुन ११ को ढाका-ग्वान्झाउको उडानमा सवार १७ जना यात्रुमा कोविड-१९ को संक्रमण देखिएपछि चार हप्ताका लागि उडान स्थगित गर्नु परेको अधिकारीहरुले बताएका छन्।

चिनियाँ नागरिक उड्डयन प्राधिकरणले विमानमा यात्रा गर्न चाहने व्यक्तिमा लगातार तीन सातासम्म कोरोना भाइरस नेगेटिभ हुनुपर्ने नियम बनाएको छ। प्राधिकरणले कोरोना नेगेटिभ देखिएको अवस्थामा ढाका उडान हप्तामा २ वटा गर्न सक्ने जनाएको छ। तर यदि कोरोना पोजेटिभ भएका यात्रुको संख्या ५ भन्दा बढी पाइए त्यस्तो बिमान सेवालाई एक साता उडान गर्न नपाउने गरी प्रतिबन्ध लगाइने छ। तर पोजेटिभ भएका यात्रुको संख्या १० भन्दा बढी भए यस्तो प्रतिबन्ध चार हप्ता गरिने प्राधिकरणले जनाएको छ।

हार्दिक श्रद्धाञ्जली

जन्म
बि.सं. २०१२
जेठ २० गते

स्वर्गारोहण
वि.स. २०७७
जेठ २२ गते

स्व. बाबुराम शर्मा नेपाल

यस संघको सदस्य संस्था काठमाण्डौ इन्टरनेशनल इन्कर्पोरेट प्रा. लि.का प्रबन्ध निर्देशक श्री सुर्य नेपालका पुजनीय पिता बाबुराम शर्मा नेपालको ६५ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं।

बिष्णु प्रसाद गैरे
अध्यक्ष
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
परिवार
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८

कोभिड-१९ को उपचारको बिल ११ लाख डलर अर्थात् झण्डै १४ करोड

वासिङ्टन, एजेन्सी-अमेरिकी अस्पतालमा कोविड-१९ को उपचार खर्च ११ लाख अमेरिकी डलर पनि पर्‍यो होला भन्ने हामी जोसुकैले अनुमान लगाउन सक्दैनौं।

तर संयुक्तराज्य अमेरिकामा एक ७० वर्षीय वृद्धले अस्पतालमा कोविड-१९ को उपचार गराएबापत ११ लाख डलरको बिलमा सही गर्नु परेको सियाटल टाइम्सले जनाएको छ।

समाचार अनुसार गत मार्च ४ मा माइकल फ्लोर नामका वृद्धलाई कोविड-१९ को उपचारका लागि अस्पतालमा भर्ना गरिएको थियो। जीवनमरणको दोसाँधमा पुगेका फ्लोरलाई त्यस अस्पतालमा ६२ दिन राखिएको थियो।

एक पटक उनको अवस्था अति नाजूक भएको थियो। अस्पतालका नर्सहरुले ती वृद्धकी पत्नी र छोराछोरीलाई फोन समेत गरेर अवस्था नाजूक भएको जानकारी गराएका थिए। तर भाग्यको खेल। उनी निको भए र गत मे ५ मा अस्पतालबाट डिस्चार्ज भए। अखबारका अनुसार डिस्चार्ज हुँदा उनलाई १८१ पृष्ठको बिल दिइयो, र यसको कूल बिल रकम ११ लाख २२ हजार ५०१ डलर (करिब १३ करोड ७० लाख नेपाली रुपैयाँ) को थियो।

बिलमा सघन उपचार कक्षका लागि प्रतिदिन ९ हजार ७३६ डलर, ४२ दिनसम्म स्टेराइल कक्षमा राखेबापत ४ लाख ९ हजार डलर, २९ दिनसम्म भेन्टिलेटरको प्रयोग गरेबापत ८२ हजार डलर, दुई दिनसम्म आपतकालीन सेवाबापत एक लाख डलर समावेश थियो।

तर उपचार बापत फ्लोरले एक पैसा तिर्नु परेन। अमेरिकी सरकारले वयोवृद्धका लागि व्यवस्था गरेको बिमा सेवा मेडिकेयरले यो सबै भुक्तानी गरेको छ।

मेडिकेयरले सबै रकम भुक्तानी गरे पनि फ्लोर भने यो बिमा सुविधाबाट खुशी छैनन्। सियाटल टाइम्ससँग कुरा गर्दै फ्लोरले आफ्नो उपचारमा देखाइएको खर्च वास्तविक नै हो भन्नेमा शंका व्यक्त गरेका छन्।

उनले आफूजस्ता धेरै व्यक्तिका लागि सरकारले गरेको खर्च आम अमेरिकी करदाताको रकम भएकाले यसप्रति सबै चनाखो हुनुपर्नेमा जोड दिएका छन्।

ग्यास ट्याङ्कर विस्फोट हुँदा चीनमा १८ को मृत्यु

बेइजिङ, एजेन्सी-चीनको एउटा राजमार्गमा ग्यास बोकेको ट्याङ्कर विस्फोट हुँदा १८ जनाको मृत्यु भएको छ।देशको दक्षिणपूर्वी क्षेत्रमा भएको सो घटनामा परी अरु १८९ जना घाइते भएको अधिकारीहरुले जानकारी दिएका छन्।

एउट भवनमा ट्याङ्कर ट्रक ठोकिएपछि शनिबार विस्फोटनको घटना भएको समाचारमा जनाइएको छ। स्थानीय समय अनुसार बेलुका ४.४५ बजे घटना भएको र विस्फोटनपछि आगलागी भएको दृश्यहरु सार्वजनिक भएका छन्। विस्फोट भएको ट्याङ्कर ट्रकमा ग्यास ल्याइएको थियो। चिनियाँ समाचार संस्था सिन्ह्वाले दिएको जानकारी अनुसार छेझिङ प्रान्त अन्तर्गत पर्ने संघाईको शेन्याङ–हाइकोउ राजमार्ग दुर्घटना भएको हो।

‘आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्दै बिन्ति गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो।’

हार्दिक श्रद्धाञ्जली

स्व. राज कुमार शर्मा

सहृदयी मिलनसार हाम्रा अनन्य मित्र प्रतापपुर गाउँपालिका अध्यक्ष राजकुमार शर्माको दुर्घटनामा परि भएको असामयिक निधनले अत्यन्त मर्माहत बनाएको छ। शोकको यस घडीमा शोकाकुल परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामना गर्दै दिंवगत आत्माको चिरशान्तिका लागि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

नरेन्द्र कुमार गुप्ता
मेयर
रामग्राम नगरपालिका
नवलपरासी पश्चिम

याड क्यापिटल ग्रुप प्रा.लि.को हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको याड क्यापिटल ग्रुप प्रा.लि. (प्रा.लि. नं. २२२६५६) को मिति २०७६/०५/११ को विशेष साधारणसभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिनेछ।

लिक्वीडेटरः श्रीधर न्यौपाने
इजाजतपत्र नं. २३८, **फोन नं.** ९८४१२५६६८५

लो-घेकर दामोदरकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चराङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

सोलार सिस्टम खरिद सम्बन्धी सिलबन्दी कोटेसन आह्वानको सूचना

सूचना प्रकाशन मिति : २०७७/०३/०१

यस लो-घेकर दामोदरकुन्द गाउँकार्यपालिकाको कार्यालयका लागि तपशील बमोजिम सोलार सिस्टम खरिद गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त फर्महरुबाट निम्न सर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न हुन पुनः आह्वान गरिन्छ।

१. प्रत्येक दरभाउपत्र फारम रु १००० (पछि फिर्ता नहुने गरी) तिरी यस लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, चराङ, मुस्ताङबाट मिति २०७७ /०३/१५ सम्म खरिद गर्न सकिनेछ।
२. दरभाउपत्र दाखिला गर्दा फर्म VAT दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र नवीकरण ईजाजत पत्र र आयकर दर्ता प्रमाणपत्रको १/१ प्रति प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।
३. दरभाउपत्रको लागि तोकिए बमोजिमको रकम यस गाउँ कार्यपालिकाको कार्यालयको प्रभु बैंक लि., लो-घेकर दामोदरकुण्ड शाखामा रहेको धरौटी खाता नं. १५२०११५३२७१०००११ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ।
४. सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान मिति २०७७/०३/१६ गते दिनको १२ बजेभित्र, लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, चराङ, मुस्ताङ।
५. सिलबन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थान मिति २०७७/०३/१६ गते दिनको २:०० बजे, लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, चराङ, मुस्ताङ। सिलबन्दी दरभाउपत्र खोल्दाका बखत दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित हुनुपर्ने छ। तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न सकिने छ।
६. रीत नपुगी तथा म्याद नाघि आएको र सर्त सहितको दरभाउपत्रलाई मान्यता दिइने छैन।
७. दरभाउपत्र दररेट उल्लेख गर्दा मु.अ.क. बाहेक प्रत्येक आइटम अनुसार अंक र अक्षरमा राख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा रहेको मूल्यलाई मान्यता दिइने छ।
८. लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत स्पेशिफिकेशन बमोजिम गुणस्तरीय सामान आपूर्ति गर्नुपर्नेछ।
९. दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट खोलिने छ। कुनै कारण जनाई वा नजाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
१०. अन्य सबै कुराहरु प्रचलित नियम कानुन अनुसार तोकिए बमोजिम हुनेछन्। बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्न परेमा कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ।
११. सिलबन्दी दरभाउपत्र कामको विवरण निम्नाअनुसार हुनेछन्।

S. N.	Quatation No.	Description of work	Estimated Amount (Without Vat)
1	LGDRM/SQ/Solar/01/2076/077	Solar System Pucrhes	Rs. 1,679,026.47/-

प्रमुख प्रशासकीय अधिकृत

श्री बौडेश्वर माध्यामिक विद्यालय

टोखा नपा-१, काठमाडौं।

शिलवन्दी दरभाउपत्र पुनः आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०२/१६
दोस्रो पटक प्रकाशित मिति : २०७७/०३/०१

बागमती प्रदेश सरकारको सहयोगमा यस विद्यालयलाई सूचना प्रविधि मैत्री निर्माणार्थ उपकरण खरिद कार्य शिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त ब्यबसायीहरुबाट रितपूर्वक शिलवन्दी दरभाउपत्र पुनः आह्वान गरिएको छ। बृस्तृत जानकारीको लागि यस विद्यालयको प्राधानाध्यापकको सम्पर्क नं. ९८४११४५१८२ मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

ठेक्का नं.	खरिद सम्बन्धी बिवरण	फाराम दस्तुर (रू.)	जमानत रकम (रू.)	शि.द. मान्य अवधि	खरिद गर्ने अन्तिम मिति	पेश गर्ने अन्तिम मिति र समय	खोलिने मिति र समय
01/SQ/BS/G/2076-77	बौडेश्वर मा. वि. सूचना प्रविधिमैत्री उपकरण खरिद	१,०००।-	४०,०००।-	४५ दिन	असार १५, २०७७	असार १६, २०७७ मध्यान्ह १२ बजे	असार १६,२०७७ दिनको १ बजे

प्रधानाध्यापक

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७

हायर मी नेपालले २५ हजारलाई रोजगार दिने

मध्यान्ह संवाददाता
काठमाडौं, ३२ जेठ

हायर मी नेपालले कोरोना संक्रमणको महामारीका कारण जागिर गुमाएका २५ हजारलाई रोजगारी दिने बताएका छ। नेशनल एकेडेमी फर फाईनान्सीयल सर्भिसेस प्रालि अन्तरगतको हायर मी नेपालले बरोजगार युवालाई रोजगार दिने उद्देष्य लिएको हो। श्रम सुचना बैंकलाई सघाउने उद्धेश्यले हायर मी नेपाल अनलाईन पोर्टल छिटै संचालन गर्न लागिएको कम्पनीले जानकारी दिएको छ। देश र विदेशमा रहेका श्रमिक कामदारले वेबसाईट वा मोबाइल एप्सको माध्यमले आफ्नो सम्पुर्ण विवरण भर्ने र रोजगारदातालाई सोही पोर्टलबाट आवश्यक कामदार सजिलै पाउने गरी रोजगारदाता र रोजगार चाहनेलाई सजिलै भेट गराउने कार्यक्रम कम्पनीले राखेको छ। रोजगारदाता र रोजगारी चाहने बीच काममा लगाउने सहमति भइसकेपछि निजहरूलाई आवश्यक पर्ने तालिम पनि न्यून लागतमा उपलब्ध गराउने गरी कार्यक्रम निर्धारण गरिसकिएको कम्पनीको भनाई छ। श्रावणको पहिलो साताबाट संचालन गर्ने लक्ष्य लिईएको हायर मी नेपाल परियोजनाले एक वर्षमा पाँच लाख र दुई वर्षमा दश लाख श्रमिक र कामदारको अद्यावधिक रेकर्ड राखि पचास हजारलाई रोजगारी दिलाउने कार्यक्रम रहेको जानकारी दिएको छ। परियोजनालाई सातै प्रदेशमा प्रभावकारी रूपमा संचालन गर्नका लागि सम्पर्क कार्यालय खोली श्रावण देखि प्रचार प्रसारको कार्यक्रम गरि बढी भन्दा बढी जनशक्तीलाई समावेश गरीनेछ कम्पनीले जारी गरेको विज्ञप्तीमा उल्लेख छ। कम्पनीले कोरोना संक्रमण र लकडाउनको कारण विश्वव्यापी आर्थिक मंदीबाट करोडौ मानिस बेरोजगार हुने देखिएको भन्दै यसलाई सम्बोधन गर्न यस्तो प्रविधि विकास गर्न बताएको छ। यसै सन्दर्भमा संक्रमणको कारण बिदेशबाट आउने दश लाख, देशमै बेरोजगार भएका दश लाख र अन्य पाँच लाख समेत न्यूनतम पचीस लाख जनशक्तीलाई रोजगारी दिने चुनौती सरकार सामु आइसकेको छ। सरकारले आ.व २०७७र७८ को निति कार्यक्रम तथा बजेटमा समेत स्थानिय स्तरमा रोजगार सेवा केन्द्र स्थापना गरी उपलब्ध श्रमिक तथा कामदारको योग्यता, सिप र क्षमता अनुसार काम उपलब्ध गराउन 'श्रम सूचना बैंकको' अवधारणा सार्वजनिक गरेको छ।स्थानीय रोजगार सेवा केन्द्रले रोजगार दाता र रोजगारीको खोजिमा रहेकाहरू बिचमा सम्पर्क स्थापित गरी रोजगारी प्राप्तीमा सहयोग गर्ने मूल लक्ष्य लिएको देखिन्छ। सरकारको यही कार्यक्रममा सहयोग पुर्याउने उद्धेश्यले नेशनल एकेडेमी फर फाइनान्सीयल सर्भिसेस प्रा. लि. ले हायर मी नेपाल परियोजना संचालन गर्न गइरहेको छ। रोजगारदातालाई चाहिएको जनशक्ती पाउन महंगो विज्ञापन गर्नुपर्ने, परिक्षा, अन्तरवार्ता र छनोटको लामो प्रक्रिया संचालन गर्नुपर्ने तथा सिप र क्षमता भएका रोजगारी चाहनेलाई उपयुक्त ठाँउमा पुग्न नसकेको अवस्था छ।समयमा चाहेको रोजगारी नपाउदा विदेश पलायन हुनु पर्ने वाध्यता छ। अर्को तिर रोजगारदाताले चाहेको उम्मेदवार नपाएको अवस्था छ।

निकासी प्रवर्द्धन गर्न नयाँ कानून ल्याइँदै

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

काठमाडौं/मस–सरकारले स्वदेशी श्रम तथा सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तुको निकासी प्रोत्साहन गर्ने लक्ष्यका साथ नयाँ कानून प्रस्ताव गरेको छ। सङ्घीय संसद् सचिवालयमा दर्ता भई हाल सांसदहरुलाई वितरण गरिएको 'निकासी पैठारीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'मा व्यापार घाटा घटाउने लक्ष्यका साथ निकासीलाई विशेष प्राथमिकतामा राखिएको छ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले संसद्मा पेश गरेको सो विधेयकलाई 'निकासी पैठारी (नियमन) ऐन, २०७६' नाम दिइएको छ। स्वदेशी सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तु वा त्यस्तो वस्तुसँग सम्बद्ध सेवाको निकासीलाई प्रोत्साहन गर्न सरकारले त्यस्ता वस्तु वा सेवाको निकासीमा विशेष सुविधा तथा सहुलियत प्रदान गर्ने विषयलाई प्रस्तावित विधेयकले प्रमुख प्राथमिकतामा राखेको छ।

सरकारले प्रदान गर्ने सुविधा वा सहुलियतसम्बन्धी व्यवस्था भने नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम हुने प्रबन्ध गरिएको छ। नेपालमा उत्पादन भएका वस्तु स्थानीय बजारबाट खरिद, सङ्कलन, प्रशोधन वा प्याकेजिङ गरी निकासी गर्ने प्रयोजनका लागि सरकारले निर्यात गृह स्थापना गर्न वा गराउन सक्ने व्यवस्थासमेत विधेयकमा गरिएको छ।

निकासी हुने वस्तुको सरकारले उत्पत्तिको प्रमाणपत्र जारी गर्नेछ। मन्त्रालय मातहतको कुनै निकाय वा प्रचलित कानूनबमोजिम स्थापित संस्थाले उत्पत्तिको प्रमाणपत्र जारी गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था विधेयकमा छ। विधेयकले निकासी प्रवर्द्धन कोष स्थापना गर्ने व्यवस्था गरेको छ। निकासी प्रोत्साहन एवं प्रवर्द्धन गर्न स्थापना हुने कोषले आवश्यकताअनुसार रकमसमेत उपलब्ध गराउने र कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ।

विधेयकले निकासी वा पैठारीमा केही वस्तुमा भने रोक लगाउन सक्ने प्रबन्ध गरिएको छ। त्यसमा लोपोन्मुख जीवजन्तु, पशुपक्षी, वनस्पति तथा प्राकृतिक स्रोत, कालात्मक ऐतिहासिक, पुरातात्विक वा सांस्कृतिक महत्वका वस्तु एवं सम्पदा रहेका छन्।

विदेशी व्यक्तिबाट कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ प्राप्त गरी कुनै वस्तुको आंशिक वा पूर्णरुपमा निर्माण, उत्पादन, प्रशोधन वा डिजाइनमा परिवर्तन गरी तयार भएको वस्तु पुनः सोही विदेशी व्यक्तिलाई वा त्यस्तो व्यक्तिले तोकेको अन्य व्यक्तिलाई तोकिएबमोजिम प्रक्रिया पूरा गरी निकासी गर्न सक्ने व्यवस्था गरिएको छ।

निकासी गर्दा नेपाल तथा सम्बन्धित मुलुकबीच व्यापारसम्बन्धी सम्झौता भएको त्यस्तो सम्झौताको प्रतिकूल नहुने गरी निकासी गर्नुपर्ने छ।

विधेयकमा कुनै मुलुकबाट पैठारी गरिएको वस्तु नेपालको कुनै भन्सार क्षेत्र वा सुक्खा बन्दरगाहमा राखी अर्को मुलुकमा तोकिएको अवधिभित्र निकासी गर्न सकिने छ।

सङ्केत नम्बर नदिई कुनै पनि वस्तुको निकासी गरेमा, इजाजत नलिई वगा बन्देज लगाइएको वा नियन्त्रणमा गरिएको वस्तु वा सेवाका निकासी गरेमा कारवाही हुने व्यवस्था विधेयकमा गरिएको छ। विधेयकले रु १० लाखदेखि रु एक करोडसम्मको कारवाही एवं एक वर्षदेखि पाँचसम्म कैद हुन सक्ने प्रबन्ध गरेको छ।

खुले पसल छैनन् ग्राहक

शर्मिला पाठक/रासस
काठमाडौं, ३२ जेठ

असन, इन्द्रचोक, न्यूरोड, वसन्तपुरलगायत काठमाडौंका भित्री क्षेत्रमा लगभग सबै पसल सञ्चालनमा आएका छन्। त्यहाँ पुग्दा लाग्छ बन्दाबन्दीको धेरै असर छैन, पूर्णरूपमा जनजीवन सहज भइसकेको छ।

पसल पूर्ववत् खुलेका छन्। सावधानीमा ध्यान दिइएको छैन। सामान खरिद गर्न आएका उपभोक्ताले नै सावधानी अपनाएको देखिन्छ। मानिसको आवत जावत देख्दा अत्यावश्यक कामका लागि मात्र होइन समान्यरुपमा घुमफिरका लागि पनि बाहिर निस्केका छन्। कतिपयले त सामान्य मास्क पनि लगाएको देखिँदैनथ्यो। बन्दाबन्दी जारी हुनुपूर्व अघि जस्तै गरी मानिसको आवत जावत छ। सरकारले कोभिड-१९ को सङ्क्रमण रोक्न झण्डै ८० दिनदेखि लागू गरेको बन्दाबन्दीको आदेशलाई बिहीबारदेखि केही खुकुलो बनाएसँगै भीडभाड बढेको हो। लामो समयदेखि कायम रहेको बन्दाबन्दीका कारण आर्थिक क्रियाकलापसँगै सर्वसाधारणको जनजीवनमा नै असर परेकाले त्यसलाई सामान्य बनाउन बन्दाबन्दीलाई केही खुकुलो बनाइएको हो। जोखिमलाई मध्यनजर गरी कतिपय सेवामा लगाइएको प्रतिबन्धलाई अझै कायमै राखिएको छ।

तर नागरिकले यस कुराको व्यवस्था गरी बिना प्रवाह सडकमा देखिन्छन्। यसले जोखिम बढाउने भन्दै पूर्णरूपमा सावधानी अपनाएर मात्र सञ्चालन गर्नुपर्ने सरुवा रोग विशेषज्ञ डा अनुप बाँस्तोलाको भनाइ छ। उहाँका अनुसार नागरिकको जनजीवन सहज बनाउनका लागि बन्दाबन्दीलाई केही सहज बनाउन प्रयास गरिए पनि भाइरसको जोखिम अझै कम भएको छैन, हरेक दिन बढ्ने क्रम जारी छ, त्यसैले उच्च सावधानीको साथ मात्र व्यसाय सञ्चालन गर्न आवश्यक छ।

भाइरस तत्काल नहट्ने र काठमाडौं उपत्यकालाई थप सुक्षित राख्ने हो भने बाहिरबाट आउने मानिसको आवागमनलाई पूर्णरूपमा रोक लगाउनुपर्ने र नागरिक आफैं सचेत भई सावधानीपूर्णरूपमा बाहिर निस्कने अनावश्यकरूपमा नजाने जस्ता आधारभूत मापदण्डलाई पालना गर्नुपर्ने उहाँको भनाइ छ। सरकारले सवारी साधन सञ्चालनमा जोर, बिजोर प्रणाली लागू गरेपछि उपत्यकामा सवारी चाप पनि बढेको छ। त्रिपुरेश्वर, थापाथली, बानेश्वर, जमललगायतका ठाउँमा सवारी चाप अत्यधिक बढेको देखिन्छ। सरकारले सर्वसाधारणको बढी उपस्थिति हुने स्थान तथा सार्वजनिक सवारी सञ्चालनका हकमा भने हालकै अवस्थालाई कायम राखिएको छ। गत बुधबार बसेको मन्त्रिपरिषद्को निर्णयअनुसार स्वास्थ्यसँग सम्बन्धित सबै सेवा, सबै प्रकारका कृषि तथा पशुपक्षी व्यवसाय, उद्योग व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर, सबै प्रकारका ढुवानी, भौतिक दूरी कायम गर्दै भीडभाड नहुने गरी पैदल आवागमन, साइकल र मोटरसाइकल (एकजना मात्रै चढ्ने गरी) सञ्चालन गर्न पाइने छ।

सरकारले मानिसको बढी भीडभाड हुने र सहभागिता बढी हुने क्षेत्रको हकमा भने हालको व्यवस्थालाई नै कायम गरेको छ। त्यस्तो सेवा सञ्चालन गर्न पाइने छैन। जसअनुसार शैक्षिक संस्था, अनुमतिप्राप्तबाहेकका अन्तर्राष्ट्रिय र आन्तरिक उडान, तोकिएका बाहेकका अन्तर्राष्ट्रिय सीमानाकाबाट हुने आवागमन, सबै प्रकारका तालिम, सेमिनार, सभा, गोष्ठी र भेलालगागतका काम गर्न पाइने छैन।

सरकाले आगामी असार १ गतेदेखि लागू हुने गरी केही सेवा सञ्चालन गर्ने निर्णय पनि गरेको छ। विभिन्न कार्यालयको सेवा भने दुई सिफ्टमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। बैंक, वित्तीय संस्था, सहकारी, बीमा सेवा असार १ गतेबाट मात्रै सञ्चालन हुनेछन्।

बीओके क्यापिटलको संचालक अध्यक्षमा महेश मिश्र नियुक्त

बि.ओ.के. क्यापिटल मार्केट लि.
B.O.K. Capital Market Ltd.
A subsidiary of Bank of Kathmandu Limited

काठमाडौं/मस-बैंक अफ काठमाडौंको सहायक कम्पनी बीओके क्यापिटलको संचालक समितिको अध्यक्षमा महेश मिश्र नियुक्त भएका छन्। कम्पनीको ५९ औं संचालक समितिको बैठकले उनलाई अध्यक्षमा नियुक्त गरेको हो। यस्तै उक्त बैठकबाट बिओके क्यापिटलको संचालकमा चन्द्र राज शर्मा नियुक्त भएका छन्। शर्मा बैंक अफ काठमाडौंको तर्फबाट क्यापिटलको संचालकमा नियुक्त भएका हुन।

प्रोग्रेशिभ फाईनान्सका ऋणीलाई कर छुट

नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

काठमाडौं/मस–प्रोग्रेशिभ फाइनान्सले आफ्ना ऋणीहरुलाई असार मसान्तसम्मको कर्जाको ब्याज दरमा २ प्रतिशतसम्म छूट दिएको छ। फाइनान्सले कोभिड १९ को महामारीका कारण विश्व अर्थतन्त्रमा देखिएको मन्दी तथा नेपालमासमेत कोरोनाको असरबाट देखिएको आर्थिक संकटलाई मध्यनजर गर्दै सर्वसाधारण जनतालाई केही राहत होस भन्ने उद्देश्यले सम्पूर्ण कर्जाको ब्याज दरमा २ प्रतिशतले छूट दिइएको जानकारी दिएको हो। प्रमुख कार्यकारी अधिकृत विशाल हुमागाईंले वित्तीय संस्थाको यस कदमले देशको अर्थतन्त्र कमजोर रहेको अवस्थामा केही योगदान पुर्याउने प्रयास स्वरुप २ प्रतिशत ब्याजदर छुट दिएको बताए। सम्पूर्ण कर्जामा दिइएको २ प्रतिशत ब्याजदर छूटबाट संस्थाप्रति ग्राहकको विश्वास, भरोशा तथा माया अझ प्रगाढ हुदैजाने फाइनान्सको विश्वास रहेको छ।



COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालबन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**